# स्थानीय राजपत्र


## बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड २ बुटवल, कार्तिक २७ गते, २०७५ साल संख्या ७**


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

### सहकारी संस्थामा धानबाली धितो भण्डारण गरी ऋण दिने सम्बन्धी कार्यक्रमको कार्यविधि,२०७५

कृषि बाली उत्पादन कार्यमा गरिने लगानीमा लागेको ऋण बोझ वा घरायसी खर्चको आवश्यकताका कारण अथवा घरमा भन्डारण गर्ने ठाउँको अभाव लगायतका कारणहरुले गर्दा नेपालका अधिकांश कृषकहरुले बाली कटानी उपरान्त तत्काल आफ्ना बालीहरु ब्यापारीहरुलाई खलाबाटै पनि विक्री गर्दै आईरहेका छन। कृषकहरुले आफ्नो बाली यसरी विक्री गर्दा उपयुक्त मूल्य पाउदैनन भने सोही बाली कृषकको हातबाट मध्यस्थकर्ता ब्यापारीहरुको हातमा गएपछि मूल्य बढने गरेको पाइन्छ। बाली बस्तुहरुको मूल्य स्थानको परिवर्तन, समयको परिवर्तन र स्वरुपको परिवर्तनका कारण बढने गरेको उपयोगीताको सिद्धान्तले उल्लेख गरेको छ। यही समय र स्वरुपको परिवर्तनको सिद्धान्तलाई ब्यवहारमा उतार्दै सहकारी संस्थाका सदस्य कृषकहरुले उत्पादन गरेको धान सहकारी संस्थाका गोदाममा धितो भण्डारण गरी बजार मूल्यको आधारमा सहकारीले जनही ऋण लगानी गर्ने र पछि बजारमूल्यमा बृद्धि भए पछि सो सहकारी संस्थाले नै उक्त धान वा धान कुटानी गरी चामल एकमूष्ठ विक्री गरी ब्याज र साँवा कट्टी गरी बाँकी रकम सम्बन्धित कृषकलाई जनही भुक्तानी दिन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ण) ले दिएको अधिकार एवं केही प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ बमोजिम सहकारी संस्थामा धानबाली धितो, भण्डारण गरी ऋण दिने सम्बन्धी कार्यविधि, २०७५ तैयार गरी लागु गरिएको छ।

<u>परिच्छेद १</u>

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१य .१.ो कार्यविधिको नाम "**सहकारी संस्थामा धानबाली धितो भण्डारण गरी ऋण दिने सम्बन्धी कार्यक्रमको कार्यविधि,२०७५**" हुनेछ।

१ .२.यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

२ .१. "सहकारी" भन्नाले कृषि सहकारी संस्थालाई बुझाउनेछ।

2.2. "कृषक" भन्नाले सम्बन्धित सहकारी संस्थाका सदस्य कृषकहरुलाई बुझाउनेछ।।

2. 3 "साँवा" भन्नाले सदस्य कृषकहरुले आफ्नो धान सहकारीको गोदाममा धितो राखे पछि पाएको ऋण लाई बुझाउनेछ।

2.4. "ब्याज" भन्नाले साँवामा लाग्ने ब्याज रकमलाई बुझाउनेछ।

2.5. "प्रिमियम" भन्नाले सदस्यहरुले आफ्नो सहकारी संस्थामा धितो राखे पछि सहकारी संस्थाले त्यस्ता धानको वीमा गराउदा लाग्ने वीमा शुल्क लाई बुझाउछ।

२ .६. "नगरपालिका" भन्नाले बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवललाई बुझाउनेछ।

२ ७. "समिति" भन्नाले बुटवल उप महानगरपालिकाको कृषि ब्यवसाय प्रवर्द्धन ऐनको २०७४ , बमोजिम गठित स्थानीय कृषि ब्यवसाय प्रवर्द्धन समितिलाई बुझाउछ। ६ दफा

<u>परिच्छेद २</u>

**३ धानको .भन्डारण र ऋण लगानी :**

३ .१. सहकारी संस्थाले आफ्नो ढूवानीको साधनबाट इच्छुक कृषकहरुबाट निबेदन लिई निबेदकको खलाबाटै धान उठाउनु पर्ने छ।बोरा राम्रो अवस्थाको हुनु पर्नेछ।

३ .२. कृषकहरुले भन्डारण गर्ने धानको गुणस्तर राम्रो पैया फालेकोनिफनेको हुनु पर्नेछ। ,

३ .३. कृषकले भन्डारणको लागि लैजाने धानको चिस्यान बढीमा १२ प्रतिशत हुनु पर्ने छ।सो भन्दा बढी चिस्यान भएको धान संस्थाले लिन बाध्य हुने छैन।

३ .४. सहकारी सस्थाले उक्त बोराको तौल लिने छ र बोराको वजन घटाई वोरामा संकेत लेख्ने छ।यसरी सदस्य किसानको धान जनही अभिलेख गर्ने छन। (सहकारी सदस्यता नं) अभिलेखित सो धानको बोरा गोदाममा राख्नेछन।

३ .५. यसरी धान धितो राखी ऋण दिने कार्यमा सम्बन्धित सहकारी संस्थाले साना किसानहरुको धान अनिवार्य रुपमा लिनु पर्नेछ।

३ .६. धान भन्डारण पछी धानमा आउने सुख्खाका कारण घटनजाने तौलले गर्दा हुने ह्रास कट्टी कृषक स्वयंले ब्यहोर्नु पर्नेछ।

३ .७. भन्डारण गरिएको धान कृषकले आफूखुसी निकाल्न पाउने छैनन।तर सोही संस्थासंग गरिने समझौता बमोजिम बिक्री गर्न अथवा कुटानी गर्न पाइनेछ।

३ .८. धानको धितो मूल्याङ्कन प्रति क्विन्टल प्रचलित बजार मूल्य बमोजिम हुनु पर्नेछ। कृषक सदस्यहरु र सहकारी संस्थाको वीचको सहमतिबाट धानको मूल्य निर्धारण गरिनेछ।

३ .९. किसानले आफुले सहकारीमा धितो स्वरुप राखेको धानको मूल्यको प्रतिशतमा नघटाई 70 प्रतिशतमा नबढाई १२ छोटो अवधिको ऋण पाउनेछन। किसानले पाउने ऋणको ब्याजदर सो सहकारीले नगरपालिकासंग गरेको समझौता बमोजिम हुनेछ।

३.१०. धानको भन्डारणको लागि सम्बन्धित सहकारी संस्थाले राम्रो ब्यवस्था गर्नु पर्नेछ।भन्डारणमा हुने कमजोरीका कारण धितो भन्डारण गरेको धानको हानी नोक्सानी भएमा सो को सोधभर्ना सम्बन्धित सहकारीले नै गर्नु पर्नेछ।

३.११. भन्डारण गरेको धान सम्बन्धित सहकारी संस्थाले वीमा गराईदिनु पर्नेछ।यसरी धानगोदाम / वीमा गर्दा लाग्ने प्रिमियम खर्च धितो राखिएको धानको परिमाण बमोजिम सम्बन्धित कृषकले ब्यहोर्नु पर्नेछ।

३.१२. संस्थाले धितो राख्ने धानको न्यूनतम परिमाण समितिले तोके बमोजिम हुनेछ।

३.१३. यो कार्यक्रम कम्तीमा लगातार २ बर्ष सम्म संचालन गर्नु पर्नेछ।

३ सहकारी .१४.संस्थाले नियमित रुपमा धानको गोदाम अनुगमन निरीक्षण गरिरहनु पर्नेछ।

## परिच्छेद ३

**४. धितो राखिएको धानको विक्री र ऋण असुलीः**

४ १. प्रत्येक बर्ष धानको मूल्य अत्याधिक हुने समय भनेको आषाढ देखि भाद्र सम्म हुने गर्दछ। यस वीचमा गोदाममा रहेका धानहरु कुटानी भै बजारमा आइरहेका हुन्छन भने नयाँ धान उत्पादन भैसकेको हुदैन।सहकारीले सबै धान सहकारीको नि्र्णय अनुसार कुनै ठूलो ब्यापारीकहाँ एकमुष्ठ विक्री गर्न सक्छन वा प्रशोधन गरी चामल र उप उत्पादनब्रान :, भूस आदी विक्री गर्न सक्छन।

४ .२. धितो राखिएको धान कार्य समितिको निर्णय अनुसार सम्बन्धित सहकारी संस्था स्वयंले पनि खरिद गर्न सक्ने छन।

४ .३. धितो स्वरुप राखिएको कृषकको धान सहकारीको रोहवरमा कृषक स्वयंले कुटानी गरी विक्री गर्न पनि पाउने छन।

४ .४. कृषकले धितो स्वरुप सहकारीमा राखेको धान वा सो धान कुटानी गरी आएको चामल विक्री बाट प्राप्त हुने रकम सहकारीको कोषमा जम्मा हुनेछ। जनही कृषकको परिमाण अनुसार भाग लगाई सहकारीले किसानहरुलाई लगानी गरेको साँवागोदाम ,वीमा प्रिमियम ,ब्याज , भाडा र सेवाशुल्क असुल गरी बाँकी रकम ऋणी किसानलाई भुक्तानी दिनेछ।

४.५. किसानहरुको आवश्यकता र माँगको आधारमा चैत्र महिनामा सम्बन्धित सहकारी संस्था आफैंले पनि धान खरिद गर्न वा विक्री गराइ दिन सक्नेछ।

४ .६. धान धितो राख्ने कृषकले आफूले लिएको ऋणको साँवा ब्याज लगायतका दायित्व सम्बन्धित सहकारी संस्थामा भुक्तान गरी आफ्नो धान लिन चाहेमा कुनै पनि बेला सहकारी संस्थाले त्यस्ता कृषकको सबै रकम असुल गरी निजको धान सम्बन्धित कृषकलाई उपलब्ध गराउनु पर्ने छ।तर समयअवधिका कारण धानको चिस्यानमा कमी हुन गई तौलमा हुने ह्रास प्राकृतिक हुने भएकोले यसको जिम्मेवारी सहकारी संस्थाले लिने छैन।

४ .७. ऋणी किसान सदस्यहरुलाई सो भुक्तानी गरे पश्चात सहकारी संस्थाले सार्बजनिक सुनुवाई कार्यक्रम संचालन गर्नु पर्नेछ।

४ .८. धान धितो राखि लिएको ऋणको साँवासेवा शुल्क ,गोदाम भाडा ,बीमा प्रिमियम ,ब्याज , लगायत सहकारी संस्थाले असुल गर्नु पर्ने सबै रकम भन्दा धितो राखिएको धानको बजार मूल्य कम भएको अवस्थामा पर्ने घाटा सम्बन्धित सहकारी संस्थाले नै ब्यहोर्नु पर्नेछ।

## परिच्छेद ४

**५. कार्यान्वयन प्रक्रिया :**

५ .१. नगरपालिकाबाट तयार भएको सेवाशर्त र सुविधाहरु पालन गर्ने गरी कृषि सहकारी , बमोजिम प्रस्ताव पेश गर्न सूचना आह्वान गर्नु पर्नेछ। १ संस्थाहरुले अनुसूचि

५.२. तोकिएको मिति भित्र दर्ताहुन आएका प्रस्तावहरु बमोजिम उक्त सहकारी संस्थाको क्षमताको बारेमा एकिन गर्न स्थलगत मूल्याङ्कन गर्नु पर्नेछ।

५.३. अनुसूचि २ बमोजिम मूल्यांकन प्रतिबेदन तयार गरी कार्यक्रम संचालनका लागि छनौट गर्न उपयुक्त रहेको सहकारी संस्थाको नामावली कृषि विकास शाखाले नगरपालिकामा पेश गर्नेछ।

५.४. छनौट भएको सहकारी संस्थासंग नगरपालिकाले संम्झौता गर्नेछ।

५.५. सम्झौता बमोजिम कार्यान्वयन गर्नका लागि सम्बन्धित सहकारी संस्थालाई नगरपालिकाले कार्यदिश दिनेछ।

५.६. नगरपालिकाले नियमित अनुगमन र मूल्याकन गर्नेछ।

## परिच्छेद ५

**६. अनुदान भुक्तानी प्रक्रिया :**

६.१. अनुदान भुक्तानी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद ६

**७. अनुगमनः**

७ कार्यक्रमको .१.बारेमा जानकारी गराउने सम्बन्धी सभा वा यस कार्यक्रम सम्बन्धी कुनै पनि काम गरिने दिनमा सहकारी संस्थाले नगरपालिकामा जानकारी गराउने छ र नगरपालिकाबाट उक्त दिनमा सो स्थानमा गई प्रत्यक्ष अनुगमन गर्नेछ।

७ गोदाममा राखिएको धानको .२.भन्डारणको अनुगमन र अवलोकनको कार्य सम्बन्धित सहकारी संस्था एवं नगरपालिकाबाट हुनेछ।

७अन्य कुनै पनि निकायबाट अनुगमन आउदा सहकारी संस्थाले आफ्नो प्रगति प्रस्तुत गर्नु .३. पर्नेछ।

७ सहकारी .४.संस्थाले मासिक रुपमा यस कार्यक्रमको प्रगति नगरपालिकामा पेश गर्नु पर्नेछ।

७ब्याज लगायत सबै रकम असुल गरी सबै कृषकलाई हिसाब ,कृषकले लिएको ऋणको साँवा .५. दिन भित्र सबै 7 मिलान गरिसकेको हरहिसाब तयार गरी सहकारी संस्थाले सार्वजनिक सुनुवाई गरी नगरपालिकामा प्रगति विवरण पेश गर्नेछ।

## परिच्छेद ७

**८. विविध :**

८बुटवल उप महानगरपालिका र कार्यक्रम संचालन गर्ने सहकारी संस्था वीचमा कुनै द्विविधा .१. उत्पन्न भएमा आपसी सहमति र समझदारीबाट निराकरण गरिनेछ।

## अनुसूचि १

## धान धितो राखी ऋण दिने सम्बन्धी बुटवल उप महानगरपालिकाको कार्यक्रममा सहभागी हुन कृषि सहकारी संस्था लिमिटेडबाट तयार गरिएको प्रस्तावः

सहकारी संस्थाको नाम र ठेगाना :

संस्थाको दर्ता नं, मिति र दर्ता गर्ने कार्यालयः

सहकारी संस्थामा सदस्य संख्या :

सहकारी संस्थामा रहेको पुंजिको विवरणः चालु  पुंजी रु ...... स्थिर पुंजी रु........कूल जम्मा रु....

**सहकारी संस्थामा रहेका भौतिक पूर्वाधारहरुको विवरणः**

| क्र सं | पूर्वाधारको नाम | इकाई | क्षमता/परिणाम | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोदाम | संख्या | | | |
| २ | ट्रली समेतको ट्रेक्टर | संख्या | | | |
| ३ | धान कुटानी गर्ने मिल दैनिक कुटानी क्षमता : | मे टन | | | |
| ४ | धान सुकाउने फडखला भए साइज/ | बर्ग मिटर | | | |
| ५ | जुटको बोरा | संख्या | | | |
| ६ | मोइस्चर मिटर | संख्या | | | |
| ८ | विद्युतीय तराजू | सख्या | | | |
| ९ | कृषकहरुलाई ऋण लगानी गर्न पुजि कोष | रु हजारमा | | | |
| १० | .................. | | | | |
| ११ | ........................ | | | | |

६. कृषकहरुको धान गोदाम गरी ऋण लगानी गर्दा कृषकहरुमाथि लगाईने ब्याजदर प्रतिशतः

७. धितोको लागि राखे धानको न्युनतम परिमाण क्विन्टलः

८. धान धितोको रुपमा राखिदा धानको मूल्याकन प्रति क्विन्टल मूल्य रु.

९. धानको मूल्याङ्कनको आधारमा अधिकतम ऋण सिमा प्रतिशतः

१०. प्रस्तावक सहकारी संस्थाबाट अन्य केही शर्तहरु भए उल्लेख गर्नेः

११. संलग्न कागजातहरु (प्रतिलिपिहरु) :

  १. नगरपालिकामा ब्यवसाय दर्ताको प्रमाणपत्र।
  २. सहकारी संस्थाको दर्ता प्रमाणपत्र।
  ३. प्यान नं र आयकर चुक्ता प्रमाणपत्र।
  ४. सहकारी संस्थाको बैठकको निर्णय।
  ५. थप केही शर्तहरु भए संलग्न गर्न सकिनेछ।

बुटवल उप महानगरपालिकाको यस बारेको कार्यविधि अध्ययन भयो। सो मा सहमत भै उक्त कार्यक्रम संचालनको लागि निबेदन गरेका छौं।

सहकारी संस्थाको अध्यक्षको

दस्तखत

नाम

छाप

मिति

अनुसूचि २

बुटवल उप महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बुटवल

धान धितो राखी ऋण उपलब्ध गराउने सम्बन्धी कार्यक्रमको लागि सहकारी संस्थाको छनौट गर्न तयार भएको मूल्याङ्कन प्रतिबेदन

| क्र सं | सहकारी संस्थाको नाम र ठेगाना | सहकारी संस्थामा रहेको भौतिक तथा अन्य पुर्वाधारहरुको उपलब्धताको मूल्याङ्कन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहकारी संस्थाको क्षमता विवरण | धान स्टोर गर्ने गोदामको क्षमता | धान कुटानी गर्ने मिल | ट्रली सहितको ट्रेक्टर | धान सुकाउने फड/खला | जुटको वोरा संख्या | मोइस्चर मिटर | विद्युतीय तराजु | ऋण लगानीको लागि पुजि कोष | जम्मा |
| | | पुर्णाङ्क | २५ | २० | १५ | १० | ५ | २ | ३ | २० | १०० |
| १ | | प्राप्ताङ्क | | | | | | | | | |
| २ | | प्राप्ताङ्क | | | | | | | | | |
| ३ | | प्राप्ताङ्क | | | | | | | | | |
| ४ | | प्राप्ताङ्क | | | | | | | | | |
| ५ | | प्राप्ताङ्क | | | | | | | | | |
| ६ | | प्राप्ताङ्क | | | | | | | | | |
| ७ | | प्राप्ताङ्क | | | | | | | | | |
| ८ | | प्राप्ताङ्क | | | | | | | | | |
| ९ | | प्राप्ताङ्क | | | | | | | | | |
| १० | | प्राप्ताङ्क | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

मूल्याङ्कन प्रतिबेदन पेश गर्नेको नाम पद र सही

आज्ञाले

प्रमाणीकरण मितिः २०७५/०७/२६

राजेन्द्र सिग्देल

नि. प्रमुख प्रशासकीय अधिकृत